नेपाल सरकार
वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय
# वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति

☎ ४२११९७१
फ्याक्स : ४२११८९७
e-mail: planetarium@most.gov.np
website: www.planeta-observatory.gov.np

सिंहदरबार, काठमाडौं
नेपाल

प.सं. ०६५/६६
च.नं. ९७

मिति: २०६५/१०/२८

श्री प्रमुखज्यू,

**विषयः अन्तर्राष्ट्रिय खगोल वर्ष २००९ को उपलक्ष्यमा आयोजित कार्यक्रममा सहभागीता बारे ।**

**"ब्रम्हाण्ड तपाईंको हो चिन्नुहोस्"**
**"The Universe, Yours to Discover"**

उपरोक्त नारा अन्तर्राष्ट्रिय खगोल वर्ष २००९ लाई मनाउनका लागि तयार गरिएको नारा हो । अन्तर्राष्ट्रिय खगोल संगठन (IAU) को अनुरोध र आयोजनामा सन् २००९ लाई अन्तर्राष्ट्रिय खगोल वर्षको रुपमा मनाउने घोषणा संयुक्त राष्ट्र संघले गरेको छ भने संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक र साँस्कृतिक संगठन (यूनेस्को) ले यसलाई पारित गरिसकेको छ ।

ग्यालिलियो ग्यालिलीले दूरदर्शक यन्त्रद्वारा पहिलो पटक खगोलीय अवलोकन गरेको ४०० वर्ष पुगेको उपलक्ष्यमा अन्तर्राष्ट्रिय खगोल वर्ष २००९ मनाउन लागिएको हो ।

यस विशेष वर्षको परिकल्पनालाई साकार पार्न विभिन्न ८ वटा लक्ष्यहरु सहित संसारभरि स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा विभिन्न गतिविधिहरु संचालित हुनेछन् । यी विभिन्न गतिविधिहरुमा विश्वका करिब एकसय पचास राष्ट्रहरु सहभागी हुने अनुमान अन्तर्राष्ट्रिय खगोल संगठनले गरेको छ र संसारभरका मानिसहरुलाई यसमा कुनै न कुनै रुपमा संलग्न गराउन आव्हान गरेको छ ।

अन्तर्राष्ट्रिय खगोल संगठनले विश्वका सबै राष्ट्रहरुलाई आव्हान गरे अनुरुप नेपाल सरकार, वातारण, विज्ञान तथा प्रविधि मन्त्रालय, वि.पि. कोइराला प्लानेटेरियम, अव्जरभेटरी तथा साइन्स म्युजियम बिकास समितिले पनि अन्तर्राष्ट्रिय खगोल वर्ष २००९ को उपलक्ष्यमा नेपालमा विभिन्न कार्यक्रमहरु तथा गतिविधिहरु संचालन गर्दैछ । त्यसमध्ये यसैसाथ संलग्न विवरण र समय तालिका अनुसार विद्यालय स्तरीय खगोल विज्ञानसँग सम्बन्धित चित्रकला प्रतियोगिता आयोजना गर्दैछ । यी खगोल विज्ञान प्रतियोगितामा त्यस विद्यालयबाट उत्कृष्ट दुई सहभागी (बढीमा) पठाइदिनु हुन अनुरोध गर्दछु । यस सम्बन्धि बिस्तृत विवरण यसै साथ संलग्न छ र वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समितिको वेभसाइट http://www.planeta-observatory.gov.np मा पनि उपलव्ध छ ।

(सनत कुमार शर्मा)
सह-कार्यकारि निर्देशक

नेपाल सरकार
वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय
**वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र**
**विज्ञान सङ्ग्रहालय विकास समिति**
सिंहदरबार, काठमाडौं

# अन्तर्राष्ट्रिय खगोल वर्ष २००९ को उपलक्ष्यमा आयोजित
# खगोल विज्ञान सम्बन्धी चित्रकला प्रतियोगिता

**<u>आवश्यक जानकारी</u>**

१) चित्रकला खगोल विज्ञानसँग सम्बन्धित हुनुपर्छ ।

२) त्यस स्कूल/विद्यालयबाट प्रतियोगितामा भाग लिने कक्षा ८,९, १० मा अध्ययनरत विद्यार्थीहरू मध्येबाट बढीमा दुई प्रतियोगिहरूको नाम (फोटो सहित सम्पर्क नम्बर) पत्र वा इमेलद्वारा निम्न ठेगानामा मिति २०६५ फागुन १५ गतेसम्ममा प्राप्त हुनेगरी पठाइदिनुहोला ।


नेपाल सरकार
वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय
**वि.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र**
**विज्ञान सङ्ग्रहालय विकास समिति**
सिंहदरबार, काठमाडौं
फोन : ०१४२११९७१
इमेलः sanatsharma@most.gov.np


३) यस समितिमा नाम प्राप्त भएपछि प्रतियोगिताको लागि स्थान र समय सूचित गरिनेछ । सहभागीहरु परिचयपत्र सहित चित्रकलाको लागि आवश्यक सामाग्रीहरु सहित तोकिएको स्थानमा तोकिएको समयभन्दा आधाघण्टा अगावै उपस्थित हुनुपर्नेछ ।

४) प्रतियोगितामा प्रथम, द्वितीय तथा तृतीय हुनेलाई पुरस्कृत गरी तिनीहरुको चित्रकला यस समिति/मन्त्रालयको वेबसाइटमा राखिनेछ ।